नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

# परियोजना व्यवस्थापन इकाई खुमलटार, ललितपुर

## कृषि स्नातक (इन्टर्न) खटाउने कार्यक्रमका लागि आसयपत्र पेस गर्ने सम्बन्धी सूचना

(प्रथमपटक प्रकाशित मिति : २०७६।६।६)

यस परियोजनाको चालु आ.व. २०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रममा कृषि स्नातक (इन्टर्न) खटाउने प्रयोजनार्थ अनुदान कार्यक्रम रहेकाले आवश्यक कृषि स्नातक (इन्टर्न) हरु परिचालनका लागि स्नातक तहको Course Curriculum मा इन्टर्नको व्यवस्था भएका नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालय/अध्ययन संस्थान/कलेजहरुबाट कृषि इन्टर्न परिचालन कार्यविधि २०७४ बमोजिम यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र निम्नानुसारका कागजातसहित आसयपत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

- निवेदन (आसयपत्र सम्बन्धी),
- संस्थाको बिस्तृत बिवरण,
- कृषि स्नातक पाठ्यक्रम (**Course Curriculum**),
- सल्लाहकार समिति, अभिमुखिकरण गोष्ठि, कार्यमुलक अनुसन्धान (**Action Reseacrh**), कृषक मैत्री प्रविधिको संगालो (**Package of Practice**) को सन्दर्भमा बिस्तृत लागत अनुमान खुल्ने गरी कार्य ढाँचा पेस भएको हुनुपर्ने,
- यस आर्थिक वर्षमा आपूर्ति हुने कृषि इन्टर्नको संख्या र लागत,
- अन्य सम्बन्धित आवश्यक कागजातहरु थप गर्न सकिनेछ।

१. कृषि स्नातक (इन्टर्न) को विस्तृत कार्यविवरण (Terms of Reference) एवं अन्य जानकारीका लागि परियोजना व्यवस्थापन इकाई को वेबसाईटमा रहेको कृषि इन्टर्न परिचालन कार्यविधि-२०७४ बाट हेर्न सकिनेछ।

२. यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ३०औं दिन दिनको १२:०० बजेभित्र यस परियोजनामा आसयपत्र दर्ता गराइसक्नुपर्नेछ। उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट तोकिएको समयभित्र दर्ता गर्न सकिनेछ।

३. कृषि इन्टर्न परिचालन सम्बन्धमा यस परियोजनाको दस्तावेज, कृषि इन्टर्न परिचालन कार्यविधि-२०७४ र प्रचलित कानूनबमोजिम हुनेछ। थप जानकारीका लागि परियोजना व्यवस्थापन इकाईमा सम्पर्क गर्न सकिनेछ।

सम्पर्क :

परियोजना व्यबस्थापन इकाई, खुमलटार, ललितपुर, नेपाल

फोन नं. ०१-५५२०३४६

इ-मेल : **pmamp.pmu@gmail.com**

वेबसाइट : **www.pmamp.gov.np**